बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८२ साल मंसिर ५ गते शुक्रबार बसेको नगरकार्यपालिका बैठकबाट देहायबमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १८ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| १९ | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २० | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २१ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २४ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

CamScanner

**बैठकका प्रस्तावहरु:**

१) बालविवाह मुक्त वडा घोषणा सम्बन्धमा,

२) बर्दिवास जनता बहुमुखी क्याम्पसको जग्गा सम्बन्धमा,

३) फोहोरमैला व्यवस्थापनको लागि कर्मचारी सम्बन्धमा,

४) बिज्ञापन कर सम्बन्धमा,

५) विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा,

**बैठकका निर्णयहरु:**

१) प्रस्ताव नम्बर एक उपर छलफल गर्दा, बर्दिवास नगरपालिका वडा नं. ७ लाई यस नगरपालिकाको बालविवाह मुक्त क्षेत्र घोषणा कार्यबिधि,२०८१ अनुसार सुचक पुरा गरेकोले मिति २०८२ मंसिर ६ गते शनिवारको दिन बालविवाह मुक्त वडा घोषणा गर्ने भनी निर्णय गरियो।

२) प्रस्ताव नम्बर दुई उपर छलफल गर्दा, बर्दिवास जनता बहुमुखी क्याम्पसको च.न. २२५,मिति २०८१/१०/१० गतेको लिजमा जग्गा उपलब्ध गराउन सिफारिस गराईदिने विषयकको पत्रानुसार उक्त क्याम्पसलाई अपुग भएको नेपाल सरकारको नाममा दर्ता श्रेष्ता कायमै रहेको तपशिलको जग्गा लिजमा उपलब्ध गराउने प्रकृया अगाडी बढाउनको लागि मालपोत कार्यालय बर्दिवासलाई सिफारिस गर्ने भनी निर्णय गरियो।

क) जिल्ला महोत्तरी साविक गा.वि.स. २५ नं. बहादुरगंज वडा नं. २(ङ) कित्ता नं.१७ (प्रस्ताविक "ख") को क्षेत्रफल ६-०-१(छ बिगाहा एक धुर)

ख) जिल्ला महोत्तरी साविक गा.वि.स. २५ नं. बहादुरगंज वडा नं. २ (ग) कित्ता नं. ६३ (प्रस्ताविक "क") को क्षेत्रफल ३-३-१(तिन बागाहा तिन कठ्ठा एक धुर) गरी जम्मा ९-३-२(नौ विगाहा तीन कठ्ठा दुई धुर)

३) प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा, यस नगरपालिका र हिटा हेभि मेसिनरी एण्ड रिसाईकल प्रा.लि. काठमाण्डौं बीच भएको सम्झौता अनुसार हिटा हेभि मेसिनरी एण्ड रिसाईकल प्रा.लि. काठमाण्डौंले समझौता अनुसारको काम गर्न नसकेकोले हिटा हेभि मेसिनरी एण्ड रिसाईकल प्रा.लि. काठमाण्डौंसँगको ठेक्का सम्झौता रद्द गरी नगरपालिका आफैले सरसफाई तथा फोहोरमैलाको दिगो व्यवस्थापनको गर्ने भनी मिति २०८२ कार्तिक २१ गतेको कार्यपालिका स्तरीय बैठकबाट निर्णय भएको हुँदा उल्लेखित कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा र आवश्यक साधनहरुसंग सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो।

| क्र.स. | पद | संख्या | तलव(प्रति ब्यक्ति मासिक) | कैफियत |
|---|---|---|---|---|
| १. | कलेक्टर | १ | २०,००० | |
| २. | सहायक कलेक्टर | १ | १३,००० | |
| ३. | कूचिकार | ६ | ६५,०० | |
| ४. | फोहोर उठाउने लेवर | ७ | १३,००० | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५. | सुभरभाईजर | १ | १४,००० | |
| ६. | ट्याक्टर | ४ | ५५,००० | चालक ,इन्धन र मर्मतको सम्पूर्ण जिम्मा गाडी धनीको हुने |
| ७. | जनावरहरु मरेमा उठाएबापत प्रति जनावर रु ४०० को दरले उपलब्ध गराउने। | | | |

४) प्रस्ताव नम्बर चार उपर छलफल गर्दा, नगरपालिकाले यस क्षेत्रबाट आ.व. २०८२/८३ देखी आ.व.२०८४/८५ सम्म विज्ञापन कर संकलनको लागि मिति २०८२/०६/०१ गते बिधुतिय बोलपत्र आह्वान गरेकोमा कुनै पनि फर्म वा कम्पनीहरुबाट E-bidding को लागि दरखस्त नपरेको हुँदा यस क्षेत्रमा हुने बिज्ञापन कर नगरपालिकाबाट नै संकलन गर्ने र कर नतिरी गरेका बिज्ञापनको बोर्डहरु तत्काल हटाउने निर्णय गरियो।

५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा,स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८२ मंसिर ४ गतेको निर्णय अनुमोदन गर्ने भनी निर्णय गरियो।

CamScanner